# राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर, नेपालको

## अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति (Research Fellowship) सम्बन्धी

# सूचना

**प्रथम प्रकाशन मितिः** २०८३/०४/१९ (अगस्ट ४, २०२६)

**सूचनाको किसिमः** तल उल्लिखित १० (दश) फेलोसिप/अध्ययनवृत्तिका बिषयहरू मध्ये ३ (तीन) वटा छुट्टाछुट्टै फेलोसिप/अध्ययनवृत्ति विषयगत अध्ययन गर्न तीन जना मानव अधिकार रक्षकहरूका लागि फेलोसिप/अध्ययनवृत्तिका लागि आवदेन आह्वान गर्ने ।

**आह्वान गर्ने निकायः** राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर ।

**संलग्नताको स्वरूपः** मानव अधिकार रक्षकहरूको लागि अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति (Research Fellowship), प्रत्येक अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति (Research Fellowship) का लागि छुट्टाछुट्टै आवेदन पत्र (Cover Letter) पेश गर्नु पर्ने ।

## १. राष्ट्रिय मानव अधिकार आयोग अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति (Research Fellowship)

आयोगलाई देहायका १० (दश) फेलोसिपका बिषयहरू मध्ये ३ (तीन) वटा छुट्टाछुट्टै विषयगत अनुसन्धान (Research) लागि योग्य र दक्ष भएको फेलोसिप/अध्ययनवृत्ति आवश्यक रहेको छ। प्रत्येक अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति शीर्षक र सोसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन्। इच्छुक उम्मेदवारले आफूले आवेदन दिन चाहेको गतिविधि स्पष्ट रूपमा आवेदन पत्र (Cover Letter) मा उल्लेख गर्नुपर्नेछ।

## २. अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति (Research Fellowship)का विषयहरू

| क्र.सं | अनुसन्धान फेलोसिप/अध्ययनवृत्तिको विषयहरू |
|---|---|
| १. | डिजिटल अधिकारः साइबर नीतिगत अन्तर, गोपनीयताको अधिकार, सूचनामा पहुँच तथा सीमान्तकृत समुदायको डिजिटल बहिष्करण |
| २. | जलवायु न्याय तथा वातावरणीय अधिकार : अधिकार-आधारित दृष्टिकोण, विपद्-प्रेरित विस्थापन, वातावरणीय शासन तथा NDC कार्यान्वयन |
| ३. | व्यवसाय र मानव अधिकार (BHR) : श्रम अधिकार, व्यावसायिक सुरक्षा, आपूर्ति श्रृङ्खला उत्तरदायित्व, अनौपचारिक अर्थतन्त्रका श्रमिक |

| | |
|---|---|
| ४. | प्रवासी श्रमिकको अधिकार : आन्तरिक तथा अन्तर्राष्ट्रिय प्रवासन जोखिम, सामाजिक सुरक्षा |
| ५. | सङ्क्रमणकालीन न्याय (TJ) : पीडित दृष्टिकोण, सत्य अन्वेषण, क्षतिपूर्ति ढाँचा |
| ६. | सीमान्तकृत समुदायको अधिकार : दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक अल्पसङ्ख्यक |
| ७. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ESCR) : खाद्य सुरक्षा, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, सामाजिक सुरक्षाको अधिकार |
| ८. | लैङ्गिक तथा महिला अधिकार : लैङ्गिक हिंसा, CEDAW कार्यान्वयन, महिला मानव अधिकार रक्षकको सुरक्षा |
| ९. | स्थानीय तह शासन तथा मानव अधिकार : नगरपालिका सेवा प्रदान, स्थानीय अधिकार फोकल संयन्त्र, न्यायमा पहुँच |
| १०. | बालबालिकाको अधिकार सम्बन्धि |
| **कार्यक्षमताः** | स्वतन्त्र रूपमा गुणात्मक तथा परिमाणात्मक अध्धयन अनुसन्धान गर्न सक्ने, नीतिगत तथा विश्लेषणात्मक प्रतिवेदन तयार पार्न सक्ने, विविधता व्यवस्थापन गरी कार्य गर्न सक्ने, सरोकारवालासँग परामर्श र समन्वय साथै संचार सीप भएको तथा आवश्यकता अनुसार स्थलगत अध्ययन गर्न सक्ने अनुभव भएको हुनु पर्ने छ। |
| **अनिवार्य योग्यता** | मानव अधिकार, कानून, समाजशास्त्र, वा सोसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक (Bachelor's Degree) वा सो सरहको उपाधि। |
| **प्राथमिकता** | शोधकर्ता, युवा, सीमान्तीकृत समुदायहरूलाई विशेष प्राथमिकता दिइनेछ। |

## ३. कार्य अवधि एवं प्रकाशन

दुवै पक्षबीच हुने सम्झौता बमोजिम हुनेछ।

- भिडियो तथा दृश्य सामाग्री (कम्तिमा १५ मिनेट), मुद्रण तथा प्रकाशन, नवप्रवर्तन/अद्वितीय प्रवर्धन कार्य वा कुनै मानव अधिकारको प्रवर्धनको लागि नवप्रवर्तन (Innovative) काम पनि गर्न सकिन्छ ।

- कार्य अवधि तीन महिना हुनेछ ।

## ४. आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु

माथि उल्लेखित अध्ययन/पुनरावलोकनको विषयमा इच्छुक तथा योग्य उम्मेदवारले आफूले आवेदन दिन (१, २, ३ वा ४ मध्ये) स्पष्ट उल्लेख गरी तपसिलमा उल्लिखित कागजातहरू संलग्न गरी आवेदन पेश गर्नुपर्नेछः

- आवेदन पत्र (Cover Letter)
- अद्यावधिक व्यक्तिगत विवरण (Updated CV)
- नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र,
- कार्यक्षमता तथा कार्यानुभव सम्बन्धी कागजातहरु

**नोटः आवेदन पेश गर्दा भौतिक रूपमा उपस्थित भइ वा इमेलमार्फत गर्न सकिनेछ ।**

## ५. आवेदन पेश गर्ने अन्तिम मिति

**मितिः** २०८३ श्रावण २६ गते (August 11, 2026)

**कुनै पनि आवेदन प्राप्त भएपछि स्वीकार वा अस्वीकार गर्ने र यो सम्पूर्ण प्रक्रिया आंशिक वा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार आयोगमा सुरक्षित रहनेछ।**

आवेदकहरू छनौट गर्ने क्रममा आयोगले शैक्षिक योग्यता, कार्यअनुभव, कार्यक्षमता, आदिलाई आधार लिने छ । छनौटमा पर्नु भएका आवेदकहरूलाई तोकिएको कार्य विवरण (TOR) अर्न्तगत रही कार्य गर्नुपर्नेछ । साथै अध्ययनवृत्तिका मुख्य कार्यहरू यस सूचनामा समावेश गरिएको छ ।

## ६. सम्पर्क विवरण

| | |
|---|---|
| **कार्यालयः** | राष्ट्रिय मानव अधिकार आयोग |
| **ठेगानाः** | केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर, नेपाल (कर्मचारी संचयकोष भवन) |
| **फोन नम्बरः** | +९७७-१-५०१००१५, एक्सटेन्सन १२३ र ११० |
| **इमेल ठेगानाः** | ecnhrc2@nhrcnepal.org |

# राष्ट्रिय मानव अधिकार आयोग
# अध्ययनवृत्ति / फेलोसिपको लागि कार्यशर्त

## १. अध्ययनवृत्ति को मुख्य कार्यहरू

**अध्ययनवृत्तिले आयोगको सम्बन्धित महाशाखाको समन्वयमा देहायका कार्यहरू गर्नुपर्नेछ:**

- अनुसन्धान फेलोसिप/अध्ययनवृत्ति (Research Fellowship) अन्तर्गत छनौट भएको विषयमा विस्तृत अनुसन्धान तथा अध्ययन गरी कम्तिमा १५ मिनेटको भिडियो सामग्री वा प्रतिवेदन प्रकाशन गर्नु पर्ने छ ।
- विस्तृत विषयगत कार्य विवरण (TOR) आवेदकहरूको छनौट पश्चात् द्विपक्षीय छलफलका आधारमा तय गरिनेछ ।
- अनुसन्धान फेलोसिप (Research Fellowship) सम्बन्धी सामग्री तथा प्रतिवेदनको सर्वाधिकार ©"Copyright" राष्ट्रिय मानव अधिकार आयोगमा हुनेछ।
- पारिश्रमिक बापत प्रति फेलोसिप लागि १,२०,०००-/ (एक लाख बिस हजार मात्र) भुक्तान गरिनेछ साथै नियमानुसार कर कट्टी गरिनेछ।
- अनुसन्धान फेलोसिप/अध्यनवृत्तिका (Research Fellowship) लागि ३ (तीन) जनालाई मात्र छनौट गरिनेछ।

***